**थलारा गाउँपालिका का उपाध्यक्ष श्री गंगूदेवी खडायतज्यूले गाउँपालिकाको आठौ गाउँ सभामा दिनुभएको बजेट बक्तव्य २०७९**

**२०७८ अषाढ १० गते**
**यस गरिमामय गाउँसभाका सभाध्यक्ष ज्यू,**
**सभाका सदस्य ज्यूहरू,**
**उपस्थित अन्य अतिथिहरु,**

सम्पूर्ण विश्वनै कोभिड-१९ कोरना भाईरस महामारिको चपेटामा परिरहेको चुनौतिपर्ण र असहज अवस्थामा आज यस थलारा गाउँपालिकाको गाउँसभामा आगामी आर्थिक वर्ष २०७८/०७९ को नीति कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु । नेपाली जनताको लामो समयको त्याग, बलिदान र संघर्ष पछि नेपालमा संघिय लोकतान्त्रिक गणतन्त्रको व्यवस्था कायम भएको परि्रेक्ष्यमा यस व्यवस्थाको आठौं गाउँसभामा आँगन तथा दैलोको सरकारको रुपमा चिनिने स्थानीय सरकारले आफ्नो आँगनमा यस थलारा गाउँपालिकाको आ.व २०७८/०७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने सु अवसर पाउँदा आफूलाई भाग्यमानी ठानेकी छु र संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनाको लागी आफ्नो अमूल्य जीवन उत्र्सग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात शहीदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । ती आन्दोलनहरुको नेतृत्व गर्नुहुने अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु, नेपाली समाजको रुपान्तरणमा उहाँहरुले पुर्‍याउनु भएको महान योगदानको पुनःस्मरण गर्न चाहन्छु ।

१. कोभिड-१९ महामारीका कारण मानव जातिमाथि शताब्दीकै सबैभन्दा ठूलो संकट उत्पन्न भएको छ । विश्वस्तरमै यस महामारी विरुद्ध लड्न मौजुदा स्वास्थ्य सेवा र सुविधाहरू अपर्याप्त देखिएका छन । यस महामारीबाट लाखौं मानिसहरुको ज्यान गईसकेको छ, अरु लाखौं सङ्क्रमित छन् । यस महामारिवाट संक्रमित भई नेपाल बाहिर र देश भित्र जिवन गुमाउनु हुने नेपाली नागरिकहरुका परिवारजनप्रति गहिरो सम्बेदना व्यक्त गर्दछु । उपचाररत सम्पर्ण दिदिवहिनी तथा दाजुभाईहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।
२. कोभिड-१९ ले मुलुकको अर्थव्यवस्थामाथि गम्भिर धक्का पुर्‍याएको छ । उद्यम व्यवसाय प्रायःबन्द छन् । उत्पादन र वितरण प्रणाली गम्भिर रुपमा प्रभावित भएको । लाखौंको रोजगारी गुमेको छ । दिगोविकास लक्ष्यप्राप्तिमा ठूलो व्यवधान खडा भएको छ ।
३. यस महामारीबाट हुने आर्थिक क्षतिको पुर्ति त आगामी दिनमा हुनसक्छ, समाज फेरी सम्बृद्ध बन्न सक्छ । तर गुमेको अमुल्य मानव जिवनको पुनःप्राप्ति र क्षतिपुर्ति हुनसकदैन । त्यसैले यतिखेर मानिसको जीवन रक्षा र मानवजातीको संरक्षण गाउँपालिकाको सर्वोच्च कर्तव्य हुन आएको छ ।
४. सङ्क्रमण थप फैलिन नदिन र यस महामारीमाथि विजय प्राप्त गर्न आगामी दिनमा अझ बढी र्सतर्कता, समन्वय र एकता आवश्यक भएकोले एकढिक्का भएर दृढताका साथ लाग्न म गाउँपालिका वासी सबैमा आवहवान गर्दछु ।
५. जोखिम पूर्ण परिस्थितिमा अग्रपङ्क्तिमा रहेर सेवा गर्ने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, एम्बुलेन्स चालक, जनप्रतिनिधीहरु, राष्ट्रसेवक लगाएत प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सबैको म उच्च प्रशंसा गर्दछु । अत्यावश्यक वस्तुको आपुर्ति सहज बनाउन योगदान गर्ने सबै व्यक्ति तथा संघ-संस्थाहरुलाई धन्यवाद दिन चाहन्छु । कोभिड-१९ सङ्क्रमण रोकथाम र नियन्त्रणका लागी नेपाल सरकार तथा गाउँपालिकाले चालेको कदममा पूर्ण साथ दिई सहयोग गर्नु भएकोमा म सम्पूर्ण दिदीवहिनी तथा दाजुभाईप्रति हार्दिक आभार व्यक्त गर्दछु ।
६. महामारी र बन्दाबन्दीबाट प्रभावित गरिब, असहाय तथा विपन्न परिवार, दैनिक कमाई गरी जीवनयापन गर्ने व्यक्ति तथा बन्दाबन्दी र कोभिड-१९ को कारणले रोजगारी गुमाएका व्यक्तिहरुलाई लक्षित गरी गाउँपालिका बाट राहत उपलब्ध गराउने कार्य भएको छ ।

<u>सभाध्यक्ष महोदय,</u>

आर्थिक, सामाजिक, साँस्कृतिक, भौगोलिक विकास र समग्रमा मानव विकासका सम्भावनाहरुको पहिचान गरी गाउँपालिका भित्र उपलब्ध श्रोत साधनको अधिकतम उपयोगमुखि समृद्ध र आत्म निर्भर थलारा गाउँपालिका बनाउनु हाम्रो चाहना हो । यसका लागि हामी यहाँका सम्पुर्ण राजनैतिक दल, गाउँसभा सदस्यहरु र गाउँपालिकाका आम सर्वसाधारण सभाग सर्ववुद्धिजिवी लगायत सबै सरोकारवालाहरु एकजुट हुनका लागि यसै सभा मार्फत अनुरोध गर्न चाहन्छु ।

स्थानीय तहहरू संधैभरी संघीय सरकार तथा प्रदेशको अनुदान रकममा मात्र भर परेर सबै जनअपेक्षा र आवश्यकता बमोजिमको विकास निर्माण गर्न सकिदैन । यसका लागी आन्तरिक श्रोतहरूको अभिवृद्धि अपरिहार्य हुन आउँछ । जनताको करबाट जनताकै विकास निर्माणलाई अगाडि

बढाउनु पर्ने हुन्छ। यसका लागी राजश्व संकलनका क्षेत्रहरू पहिचान गरी करका दायराहरूलाई समयसापेक्ष बनाउँदै लैजानु आजको आवश्यकता हो र जनताको कर तिर्न सक्ने क्षमताको विकास गर्न सबैको ध्यान जानेछ भन्ने मैले अपेक्षा गरेको छु।

सभाध्यक्ष महोदय,
अव म चालु आर्थिक वर्षमा यस गाउँपालिका अन्तर्गत कार्यान्वयन भएका विकास निर्माणका योजना तथा कार्यक्रमहरूको संक्षिप्त विवेचना प्रस्तुत गर्न चाहन्छु।

- यस थलारा गाउँपालिका वडा नं २ को दंगाजी स्वास्थ्य चौकी निर्माण सम्पन्न भई सेवा प्रवाह सुरु भएको छ।
- त्यसैगरी चुथी दाडेगडा र श्रीजिउला गरी दुई वटा झुलुङ्गे पुल निर्माण भएका छन्।
- थलारा गा.पा को भवन निर्माण कार्य सुरु भैसकेको छ।
- गा.पा भरिका सडक सुधारका काम भएका छन जसमा विभिन्न ठाउँमा ग्राभिल र ढलान गर्ने काम भएको छ।
- राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम बाट ४ वटा विद्यालय भवन निर्माण सम्पन्न भसकेका छन् भने जम्मा २९ वटा विद्यालय भवन निर्माण भएका छन्।
- वडाका ६ वडा भवन निर्माण सम्पन्नभै सम्पूर्ण वडाका आफ्नै कार्यालयबाट सेवा सुरु भैसकेको छ।
- त्यस्तै १० साझा भवन र ५ स्वास्थ्य भवन निर्माण सम्पन्न भएका छन।
- गा.पा भरी १५ वटा शौचालय निर्माण भएको छ।
- गाउँपालिका भरि जम्मा ११७ कि.मि सडक विस्तार भएको छ जस मध्ये ७० कि.मि गाउँपालिकाले निर्माण गरेको छ।
- गाउँपालिका भरि सिचाई कुलो ९ कि.मि, नदी नियन्त्रण तथा तटबन्धन ३ कि.मि, बाटो पि.सि.सि ८ कि.मि निर्माण भएको छ।

**अब म चालु आर्थिक वर्षको जेष्ठ महिना सम्मको संशोधित खर्च विवरण पेश गर्ने अनुमति चाहन्छु।**

चालु आर्थिक वर्षमा नेपाल सरकारबाट प्रस्तावित रकम रु. ३८ करोड ५६ लाख ५३ हजार मध्ये २२ करोड ९३ लाख ५६ हजार खर्च भएको र बाँकी रु १५ करोड ६२ लाख ९७ हजार रुपैया मौजदात रहेको छ। त्यस्तै प्रदेश सरकारबाट प्रस्तावित रकम रु १ करोड ६९ लाख ८९ हजार मध्ये १ करोड १४ लाख २४ हजार रकम खर्च भैसकेको छ र राजस्व बाँडफाँड तर्फ रु. ६ करोड ६२ लाख ०५ हजार प्रस्तावित गरिएकोमा रु २ करोड ५२ लाख ५३ हजार प्राप्त हुन बाँकी छ जसमध्ये ४ करोड ३१ लाख ५९ हजार ६३ हजार रुपैया खर्च भएको छ। गाउँपालिकाको आन्तरिक आय तर्फ रु.२५ लाख अनुमान गरिएकोमा २०७८ जेष्ठ मसान्त सम्म १३ लाख ५० हजार राजश्व प्राप्त भएको छ। यस्तै समाजिक सुरक्षा भत्ता तर्फ ६ करोड ६५ लाख ८० हजार २ सय तथा ग्रामिण जलश्रोत व्यवस्थापन परियोजनाको ४ करोड १२ लाख प्राप्त भएको छ।

२०७८ जेष्ठ मसान्त सम्म पूँजीगत खर्च तर्फ आर्थिक विकाशमा विनियोजित रकम ५ करोड ५९ लाख ८० हजार २६० रुपैया मध्ये २ करोड १६ लाख ९० हजार ९५० रुपैया रकम खर्च भैसकेको जुन कुल रकमको ३८% हुन आँउछ यसैगरी सामाजिक विकास तर्फ २५ करोड ८५ लाख २२ हजार ६९० रुपैया विनियोजित भइ जेष्ठ मसान्त सम्म १९ करोड ५२ लाख ३९ हजार ९४५ खर्च भैसकेको छ जुन कुल रकमको ७६% हुन आउँछ । त्यसैगरी पूर्वाधार विकाश तर्फ ७ करोड ९९ लाख ३ हजार ३३१ रुपैया बिनियोजित मध्ये ४ करोड ९७ लाख १३ हजार ४०५ रुपैया खर्च भैसकेको छ जुन कुल रकमको ७०% हुन आउँछ त्यसैगरी सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा बिनियोजित रकम ८३ लाख ६ सय मध्ये ३९ लाख ६४ हजार ६४ रुपैया खर्च भैसकेको जुन कुल रकमको ४७% हुन आउँछ त्यसैगरी कार्यालय सन्चालन तथा प्रशासनिक मा बिनियोजित ११ करोड ८५ लाख १६ हजार ९७० रकम मध्ये ८ करोड ५३ लाख ९६ हजार २३३ रुपैया खर्च भैसकेको छ जुन कुल रकमको ७२% हुन आउँछ । साथै चालू आ.ब.को मौज्दात रकमलाई गाउँपालिकाको संचित कोषामा जम्मा हुने व्यवस्था मिलाइएको छ। सम्रगमा यस गापामा बिनियोजित ५१ करोड २३ लाख १३ हजार ८४१ रुपैया पध्ये ३५ करोड ६० लाख ४५ हजार ९६ रुपैया खर्च भएको छ जुन कुल रकमको ६९ प्रतिशत हुन आउँछ भने १५ करोड ६३ लाख ९ हजार २४६ रुपैया मौजदात तथा खर्च हुन बाँकी रहेको छ। यस्तै सामाजिक सुरक्षा भत्ता तर्फ ६ करोड अनुमान गरिएकोमा ६५ लाख ५८ हजार २ सय थप निकासा माग गरी रु. ६ करोड ६५ लाख ८० हजार २ सय सामाजिक सुरक्षा भत्ता वितरणको व्यवस्था गरिएको छ। त्यस्तै प्रधानमन्त्री स्व रोजगार कार्यक्रम अन्तर्गत २ करोड ४१ लाख ५१ हजार आम्दानी भई १ करोड ४६ लाख ३१ खर्च गर्न बाँकी रहेको छ। ग्रामिण जलश्रोत व्यवस्थापन परियोजनाको ४ करोड १२ लाख प्राप्त रकम मध्ये ५६ प्रतिसत रकम खर्च भएको छ र ४४ प्रतिसत रकम खर्च गर्न बाँकी रहेको छ।

चालु आ.व.को योजना कार्यान्वयनमा देहाय बमोजिमका व्यवधानहरू रहन गएः

- समयमै प्रशासकीय अधिकृत चयन नहुनु र समय-समयमा परिवर्तन हुनु ।
- समयमा रकम निकासा नहुनु ।
- कोभिड-१९ भाइरस  महामारीले प्रभावित हुनु ।
- स्थानिय तहभित्र बैंक समयमै स्थापना हुन नसक्नु ।
- इन्टरनेट सेवा प्रभावकारी नहुनु ।

विगतमा भएका कमी कमजोरीबाट पाठ सिक्दै आउँदा दिनहरुमा कमी कमजोरीहरुको न्यूनिकरणा गर्दै प्रभावकारी रुपमा योजना तथा कार्यक्रम संचालन गर्न जरुरी छ । गाउँपालिकाको समग्र विकासका निम्ति हामी सबै कुनै पूर्वाग्रह नराखी एकजुट भई आ आफ्नो ठाउँबाट संवेदनशील र जिम्मेबार हुनु पर्छ भन्ने कुरा म यो सभा मार्फत अनुरोध गर्न चाहन्छु।

सभाध्यक्ष महोदय,

अब म आगामी आर्थिक वर्ष २०७८/०७९ को लागि योजना तथा कार्यक्रमहरूको तर्जूमा गर्दा अपनाइएका मुख्य मुख्य विधिहरू बारे यहाँहरू समक्ष संक्षेपमा विवेचना गर्न चाहन्छु ।

- उपाध्यक्षको संयोजकत्वमा रहेको राजश्व परामर्श समितिबाट करका दरहरू सहित आगामी आर्थिक वर्षका लागी आन्तरिक आयको प्रक्षेपण भएको ।
- गाउँपालिका अध्यक्षज्यूको संयोजकत्वमा रहेको श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले आन्तरिक आय, राजश्व बाँडफाँड रकम,  नेपाल सरकारबाट प्राप्त अनुदान र प्रदेश सरकारबाट प्राप्त अनुदान समेतको आधारमा आगामी आर्थिक वर्षको लागि कुल सिलिङ निर्धारण गरी उपाध्यक्षज्यूको संयोजकत्वमा रहेको बजेट तथा कार्यक्रम तर्जुमा समितिलाई प्रदान गरेको ।
- वडा समितिहरुलाई बस्तीस्तरबाट योजना तथा कार्यक्रमहरु प्राथमिकिकरणका आधारमा र निर्दिष्ट सिलिङको आधारमा छनौट गरी बजेट तथा कार्यक्रम योजना तर्जूमा समितिमा पठाउने व्यवस्था मिलाइएको।
- वडास्तरबाट प्राथमिकीकरण गरी पठाइएका योजनाहरु र गाउँपालिका स्तरीय योजनाहरुलाई कार्यपालिका अन्तर्गत विषयगत समितिहरुमा छलफल गरी बजेट तर्जुमा समितिमा सिफारिश गरेको थियो ।
- आगामी आर्थिक वर्षको लागि योजना, कार्यक्रम तथा बजेट तर्जुमा गरी कार्यपालिकाको बैठकबाट पारित भई छलफल र अनुमोदनका लागि आजको यस गरिमामय सभा समक्ष पेश गरिएको छ ।
- वेरोजगारी, पिछिडिएको वर्ग, महिला बालबालिका, युवा वर्ग, दलित तथा सम्पूर्ण वर्ग र दिगो विकासलाई मध्यनजर गरी बजेट छलफल तथा विनियोजितमा प्राथमिकता दिइएको ।
- युवा स्वरोजगार र कृषि क्षेत्रमा विषेश जोड दिइ यो बजेट निर्धारण गरिएको छ ।

सभाध्यक्ष महोदय,

अव म आगामी आर्थिक वर्ष २०७८/०७९ का लागि योजना तथा कार्यक्रमहरूको तर्जूमा गर्दा अपनाईएका  आधारहरूलाई यस सभा समक्ष पेश गर्न चाहन्छु । आगामी आर्थिक वर्ष  को योजना तथा कार्यक्रमहरू तयार गर्दा निम्न बमोजिमका आधारहरू अपनाईएको छ ।

- नेपालको संबिधान,
- स्थानीय सरकार संचालन ऐन,  २०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन,  २०७४
- अन्तर सरकारी वित्त ब्यबस्थापन ऐन, २०७४
- स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४
- संघीय  र प्रदेश सरकारले जारी गरेका नीति,  कानून तथा मापदण्डहरु,
- स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन,  आर्थिक ब्यबस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४
- संघीय,  प्रादेशिक र स्थानीय तहको आवधिक विकास योजना,

- स्थानीय तहको मध्यमकालिन खर्च संरचना,
- उपलब्ध स्रोत साधन
- विकासका अन्तरसम्बन्धित बिषयहरु
- नेपाल सरकारले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताबाट सिर्जित दायित्वहरु संघ र प्रदेश सरकारले अबलम्बन गरेका अन्य आर्थिक नीतिहरु आदि ।

अध्यक्ष महोदय,

अव म यस गरिमामय सभामा आगामी आर्थिक वर्ष २०७८/७९ को लागि अनुमानित आय पेश गर्ने अनुमति चाहन्छु ।

आगामी आर्थिक वर्षको लागी अनुमानित कूल बजेट रू. ५३ करोड ९९ लाख ८८ हजार २८ रुपिया हुने प्रारम्भिक अनुमान छ । जस मध्ये संघीय सरकारबाट वित्तीय समानीकरण अन्तर्गत प्राप्त ११ करोड २५ लाख, सशर्त अनुदान तर्फ २५ करोड ६७ लाख जसमध्ये २ करोड ६६ लाख २५ हजार प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि, त्यसैगरी राजश्व बाँडफाँड तर्फ ६ करोड ८८ लाख ९८ हजार रुपैया प्राप्त हुने अनुमान छ । यस्तै प्रदेश सरकारबाट वित्तीय समानीकरण अन्तर्गत ८० लाख ७२ हजार , राजश्व बाँडफाड तर्फ १२ लाख ५९ हजार प्राप्त हुने अनुमान छ । आन्तरिक आयश्रोत तर्फ २० लाख ५० हजार रुपैँया प्राप्त गर्ने लक्ष्य राखिएको छ । सामाजिक सुरक्षा तर्फ रु. ७ करोड ५० लाख अनुमान गरिएको छ । आर्थिक वर्षको अन्त सम्म २ करोड ५० लाख बचत हुने अनुमान गरिएको छ । त्यसैगरी प्रगतिशिल युवा समाजबाट १ करोड ४५ लाख २० हजार ३०३ रुपैया प्राप्त हुने अनुमान रहेको छ । त्यसैगरी सुहारा बाट ९ लाख ९८ हजार ७२५ प्राप्त हुने अनुमान रहेको छ ।

अध्यक्ष महोदय,

आगामी आर्थिक वर्षका लागि सामाजिक सुरक्षा ६ करोड ५० लाख र आ.वको अल्या २ करोड ५० लाख अनुमानित गरिएको छ ।

आगामी आर्थिक वर्षका लागि कुल पूँजीगत खर्च रू. १३ करोड ७१ लाख ७१ हजार प्रस्ताव गरिएको छ । जसमा चालू आ.ब.को अनुमानित बचत रु. २ करोड ५० लाख समेत समावेश गरिएको छ । स्थानीय तहरूको कार्यान्वियन पश्चात जनताहरूमा धेरै अपेक्षाहरू बढेर आएका छन् । वस्ती बस्तीमा स्थानीय तहको अनुभूति पु-याउनु छ । जनताका सबै अपेक्षाहरूलाई एकै वर्षमा सम्पूर्ण रूपमा संवोधन गर्न कठीन हुने भएकाले जनस्तरबाट छनौट भई आएका तर आगामी आर्थिक वर्षका लागि वजेट विनियोजन हुन नसकेका योजना तथा कार्यक्रमहरूलाई प्राथमिकताका आधारमा प्रदेश सरकार तथा संघीय सरकारमा शिफारिस साथ पठाउने व्यवस्था मिलाईएको छ ।

अध्यक्ष महोदय,

आगामि आर्थिक वर्षका लागि गाउपालिका स्तरीय र वडा स्तरीय योजनाहरु निम्नानुसार क्षेत्रगत विभाजन गरिएको छ ।

**आर्थिक विकास तर्फ १ करोड ५५ लाख जुन कुल बजेठको १२.८६ प्रतिसत विनियोजन गरिएको छ ।**

**समाजिक विकास तर्फ २ करोड ९६ लाख ५० हजार जुन कुल बजेटको २४.५९ प्रतिसत विनियोजन गरिएको छ ।**

**पूर्वाधार विकास तर्फ ७ करोड २ लाख जुन कुल बजेटको ५८.२२ प्रतिसत विनियोजन गरिएको छ ।**

**यस्तै कार्यालय संचालन तथा प्रशासनीक तर्फ ५२ लाख २२ हजार जुन कुल बजेटको ४.३३ प्रतिसत विनियोजन गरिएको ।**

गाउँ सभाका अध्यक्ष महोदय,

गाउँपालिकाको सेवाप्रवाह तथा विकास निर्माणको गतिलाई छिटो छरितो र जनमुखी बनाउनको लागी कार्यालय व्यवस्थापन एक महत्वपूर्ण अवयव हो । आगामी आर्थिक वर्षको प्रारम्भमै जनतालाई अनुभूति हुने प्रकारले सकेसम्म सबै वडा कार्यालयहरूलाई व्यवस्थित बनाउने कार्यको प्रारम्भ गरिनेछ ।

चालू तथा पूँजीगत तर्फका सबै खर्च शीर्षकका विस्तृत विवरणहरू यसै बजेट वक्तव्यका साथै अनुसूचीमा संलग्न राखी सबै सदस्य महानुभावहरूलाई उपलब्ध गराईएको छ । विस्तृत विवरण अनुसूचीहरूबाट हेर्नुहुन समेत सादर निवेदन गर्दछु।

सशर्त अनुदान तर्फको बजेट र सो सम्बन्धी प्रस्तावित कार्यक्रम अर्थ मन्त्रालयबाट प्राप्त हुन आएकाले सोही प्रस्तावलाई हुबहू सभामा निर्णयार्थ पेश गरिएको छ ।

अध्यक्ष महोदय,

प्रस्तावित योजना तथा कार्यक्रमहरूको सफलता यिनीहरूको प्रभावकारी कार्यान्वयमा भर पर्दछ । तसर्थ, प्रस्तावित योजना तथा कार्यक्रमहरूको प्रभावकारी तथा व्यवस्थित कार्यान्वयनमा यस गाउँपालिका अन्तर्गतका सम्पूर्ण राजनीतिक दल, नागरिक समाज, स्थानीय बुद्धिजिवी, गाउँपालिका बासी सम्पूर्ण दाजुभाई दिदी बहीनीहरूको उल्लेख्य सहयोग रहने छ भन्ने अपेक्षा लिएको छु ।

अन्त्यमा,
बजेट तर्जूमाको दौरान अमूल्य सहयोग प्रदान गर्नु हुने सम्पूर्ण टोल बस्तीबासी जनताहरू, वडा समितिका अध्यक्ष लगायत सदस्य ज्यूहरु, विभिन्न समितिहरूका संयोजकज्यूहरू, विषय क्षेत्रगत समूहका सदस्य ज्यूहरू, गाउँ कार्यपालिकाका सबै सदस्य ज्यूहरू, महत्त्वपूर्ण मार्गदर्शनका लागि थलारा गाउँपालिकाका अध्यक्षज्यूलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु । साथै, बजेट तर्जूमाको दौरानमा महत्वपूर्ण सहयोग गर्नु हुने प्रमुख प्रशासकीय अधिकृत, प्राविधिक तथा अन्य व्यवस्थापकीय सहयोग पुर्याउनु हुने गाउँपालिकाका कर्मचारी, विषयगत शाखाका कर्मचारी तथा वडा कार्यालयका सचिव एवम् सामाजिक परिचालकहरूलाई धन्यवाद दिन चाहन्छु । धन्यवाद ।

**प्रस्तुतकर्ताः**

गंगूदेवी खडायत

उपाध्यक्ष